# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, वैशाख ८ गते, २०७० साल (अतिरिक्ताङ्क १


## भाग २

नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७० सालको अध्यादेश नं. १

## रेल्वे सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश

प्रस्तावना : रेल्वेको विकास र विस्तार गर्न तथा सुरक्षित, नियमित, भरपर्दो र प्रभावकारी रुपमा रेल्वे सेवा संचालन गर्ने, गराउने सम्बन्धमा रेल्वे सम्बन्धी प्रचलित कानूनलाई तत्काल संशोधन तथा एकीकरण गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएकोछ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "रेल्वे सम्बन्धी अध्यादेश, २०६९" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "अधिकारपत्र" भन्नाले यात्रा गर्न दफा २८ बमोजिम जारी गरिएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा १० बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ

(ग) "ट्यारिफ किताब" भन्नाले दफा २० बमोजिमको रेल्वेको ट्यारिफ किताब सम्झनु पर्छ।

(घ) "डिमरेज" भन्नाले रेल्वेभित्रको कुनै ठाउँमा मालसामान राख्न दिइएको समय व्यतित भए पछि सो मालसामान राखे बापत लाग्ने शुल्क सम्झनु पर्छ।

(ङ) "ढुवानी" भन्नाले रेलद्वारा गरिने यात्रीगुण्टा वा मालसामानको ढुवानी सम्झनु पर्छ।

(च) "ढुवानी शुल्क" भन्नाले यात्रीगुण्टा वा मालसामानको ढुवानीमा लगाइएको शुल्क सम्झनु पर्छ र सो शब्दले मालसामान लोड, अनलोड वा स्थानान्तरण गर्दा कुनै शुल्क लाग्ने भएमा सो शुल्क समेतलाई जनाउँछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "परिषद्" भन्नाले दफा ६ बमोजिमको रेल्वे परिषद् सम्झनु पर्छ ।

(झ) "प्रापक (कन्साईनी)" भन्नाले रेल्वे रसिदमा प्रापक भनी जनिएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "प्रेषक (कन्साईनर)" भन्नाले रेल्वे रसिदमा प्रेषक भनी जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रेषकको रुपमा ढुवानीका लागि बोर्डलाई मालसामान जिम्मा लगाउने व्यक्ति समेतलाई जनाउँछ ।

(ट) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल रेल्वे बोर्ड सम्झनु पर्छ ।

(ठ) "भाडा" भन्नाले यात्रीलाई रेल्वे सेवा उपलब्ध गराए वापत लगाइएको शुल्क वा रकम सम्झनु पर्छ ।

(ड) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

(ढ) "मालसामान" भन्नाले कन्टेनर, प्यालेट, जीवजन्तु वा अन्य कुनै चीजबस्तु सम्झनु पर्छ र सो शब्दले कुनै चीजबस्तु वा जीवजन्तुलाई एकत्रित गरी ढुवानी गर्नको लागि प्रयोग गरिने यस्तै प्रकारका साधन वा संयन्त्र समेतलाई जनाउँछ ।

(ण) "यात्री" भन्नाले टिकट वा अधिकारपत्र लिई रेलको माध्यमबाट एक स्थानबाट अर्को स्थानमा जाने व्यक्ति सम्झनु पर्छ ।

(त) "यात्रीगुण्टा (लगेज)" भन्नाले यात्राको सिलसिलामा यात्रीले आफैसँग लगेको मालसामान सम्झनु पर्छ र सो शब्दले दर्ता गरी बोर्डलाई जिम्मा लगाइएको यात्रीगुण्टा समेतलाई जनाउँछ ।

(थ) "रेल्वे" भन्नाले यात्रीको आवतजावत गर्न वा यात्रीगुण्टा वा मालसामानको ढुवानी गर्ने रेल वा त्यसको कुनै भाग सम्झनु पर्छ र सो शब्दले देहायका कुराहरु समेतलाई जनाउँछ :–



आधिकारिकृता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(१) रेल्वेसँग सम्बन्धित जमिन, रुख, सिमाना जनाउने चिन्ह, पर्खाल,

(२) लिक वा त्यस्तो लिकको कुनै हिस्सा र सो लिक माथि चल्ने रेल र तत्सम्बन्धी सबै सामान,

(३) रेल्वे प्रयोजनको लागि प्रयोग गरिने साईडिङ्ग, यार्ड र शाखा,

(४) रेल्वेको प्रयोजनको लागि प्रयोग गरिने सबै किसिमका विद्युत आपूर्ति र वितरणको लागि निर्माण गरिएको संयन्त्र,

(५) रेल्वेको प्रयोजनको लागि निर्माण गरिएका रोलिङ्ग स्टक, स्टेशन, कार्यालय, गोदाम, कार्यशाला, अस्पताल, सुरक्षा गृह, कारखाना, यन्त्र तथा औजार, सडक तथा गल्ली, निरीक्षण कोठा, विश्राम गृह, पानीधारा, पानी आपूर्ति यन्त्र, कर्मचारी आवास, यात्रु भोजन गृह, कर्मचारीका परिवारका लागि स्थापना गरिएका स्कूल र अन्य निर्माण संरचना,

(६) कुनै सडकमा रेल्वेको प्रयोजनको लागि प्रयोगमा ल्याइएका सबै सवारी साधन ।

(द) "रेल्वे प्रशासक" भन्नाले दफा ६१ बमोजिम नियुक्त भएको बोर्डको रेल्वे प्रशासक सम्झनु पर्छ ।

(ध) "रेल्वे रसिद" भन्नाले बोर्डले ढुवानीको लागि मालसामान स्वीकार गरेपछि जारी गर्ने रसिद सम्झनु पर्छ ।

(न) "रेल" भन्नाले यन्त्रको सहायतावाट लिकमा चल्ने सार्वजनिक सवारी साधन सम्झनु पर्छ र सो शब्दले मेट्रो रेल समेतलाई जनाउँछ ।



 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प) "विवरणपत्र (फवार्डिङ्गनोट)" भन्नाले मालसामानको ढुवानीको लागि दफा ४३ बमोजिम तयार पारिएको विवरणपत्र सम्झनु पर्छ।

## परिच्छेद - २
## बोर्डको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **बोर्डको स्थापना** : (१)रेल्वेको विकास र विस्तार गरी सुरक्षित, नियमित, भरपर्दो, स्तरीय र प्रभावकारी रुपमा रेल्वे सेवा संचालन गर्ने, गराउने काम समेतको लागि नेपाल रेल्वे बोर्ड स्थापना गरिएको छ।

(२)बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र बोर्डले आवश्यकता अनुसार नेपालभित्र शाखा कार्यालय वा अन्य कार्यालय खोल्न सक्नेछ।

४. **बोर्ड स्वशासित र संगठित संस्था हुने** :(१)बोर्ड अविच्छिन्न उत्तराधिकार वाला स्वशासित र संगठित सस्था हुनेछ।

(२) बोर्डको काम कारवाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) बोर्डले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **बोर्डको काम, कर्तव्य र अधिकार** : यस अध्यादेशमा अन्यत्र उल्लेख भएदेखि बाहेक बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रेल्वे प्रयोजनको लागि जमिन, जमिन माथि वा जमिनमुनी कुनै भवन, गोदाम, यार्ड, स्टेशन,टनेल,उपकरण, सडक, रेल्वे लाईन वा आवश्यक अन्य संरचना बनाउने वा निर्माण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) रेल्वेको प्रयोजनको लागि नदी, खोला, खहरे वा अन्य कुनै पानीको प्रवाह माथि वा मुनी पुल वा टनेल निर्माण वा मर्मत गर्ने वा रेल्वेको तल, माथि वा छेउवाट कुनै सडक,

गल्ली वा बाटो लैजानको लागि त्यस्ता नदी, खोला, खहरे वा पानीको प्रवाह वा सडक, गल्ली वा बाटो परिवर्तन गर्ने वा अर्को तर्फवाट लैजाने,

(ग) रेल्वेबाट पानी बाहिर निकाल्न वा रेल्वेमा पानी लैजानको लागि रेल्वेसँग जोडिएको जमिनमा वा जमिन मुनी नाली वा नहर बनाउने,

(घ) रेल्वेको प्रयोजनको लागि कुनै संरचना, टेलिफोन लाईन तथा अन्य सुविधा निर्माण वा परिवर्तन गर्ने तथा हटाउने वा प्रतिस्थापन गर्ने,

(ङ) रेल्वेको कामसँग सम्बन्धित विद्युत यन्त्र, विद्युत आपूर्ति र वितरणको लागि कुनै संरचना निर्माण, संचालन वा मर्मत गर्ने,

(च) रेल्वे संचालनसँग सम्बन्धित निर्माण, मर्मत सम्भार, सुधारको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने,

(छ) रेल्वेसँग सम्बन्धित तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने ।

## परिच्छेद - ३

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

६. **परिषद्को गठन** : (१) बोर्डको सर्वोच्च निकायको रुपमा काम गर्न एक रेल्वे परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सचिव, कानून,न्याय,संविधान सभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(च) सचिव, गृह मन्त्रालय - सदस्य

(छ) ट्रान्सपोर्टेसन, हाईवे वा रेल्वे इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेका विज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको दुईजना - सदस्य

(ज) रेल्वे प्रशासक -सदस्य- सचिव

(३) परिषद्का मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, निजले बोर्डको हित विपरीत कुनै काम गरेमा, निज खराब आचरणमा लागेमा वा निजमा कार्य क्षमताको अभाव भएमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन।

(५) परिषद्को मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाकी अवधिको लागि मनोनयन गरी रिक्त स्थानको पूर्ति गरिनेछ।

७. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रेल्वे सम्बन्धी नीति निर्माण गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) बोर्डको बार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) बोर्डबरा सञ्चालित योजना तथा कार्यक्रम अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(घ) बोर्डको विनियम बनाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) रेल्वे सम्बन्धी काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने,

(च) कार्यकारी समितिबाट पेश भएका प्रस्तावहरु उपर छलफल गरी स्वीकृत गर्ने,

(छ) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने ।

८. **परिषद्को बैठक र निर्णय** : (१) परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को सदस्य-सचिवले बैठकमा छलफल हुने विषयको सूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) परिषद्को कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा परिषद्का सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्ले बोर्डको कामसँग सम्बन्धित कुनै बिशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) परिषद्को अध्यक्ष तथा सदस्यहरुले परिषद्को बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **बैठकमा भाग लिन नपाउने** : परिषद्को बैठकमा छलफल हुने कुनै विषयमा निजी स्वार्थ भएको सदस्यले सो विषयमा हुने बैठकमा भाग लिन पाउने छैन ।

## परिच्छेद - ४
## कार्यकारी समितिको गठन तथा काम, कर्तब्य र अधिकार

१०. **कार्यकारी समितिको गठन** : (१) यस अध्यादेशमा अन्यथा उल्लेख भएकोमा बाहेक बोर्डको तर्फबाट सम्पूर्ण कार्य गर्नको लागि एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव, कानून,न्याय,संविधान सभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ग) सह-सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सह-सचिव, गृह मन्त्रालय - सदस्य

(च) ट्रान्सपोर्टेसन, हाईवे वा रेल्वे इन्जिनियरिङ्ग बिषयमा कम्तीमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेका विज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(छ) रेल्वे प्रशासक -सदस्य-सचिव

(३) कार्यकारी समितिका मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, निजले बोर्डको हित विपरीत कुनै काम गरेमा, निज खराब आचरणमा लागेमा वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजमा कार्य क्षमताको अभाव भएमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन ।

(५) कार्यकारी समितिमा मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि मनोनयन गरी रिक्त स्थानको पूर्ति गरिनेछ ।

११. **कार्यकारी समितिको काम,कर्तव्य र अधिकार** : यस अध्यादेशमा अन्यथा उल्लेख भएदेखि बाहेक कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रेल्वे सम्बन्धी नीति निर्माण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) बोर्डको बार्षिक योजना,कार्यक्रम तथा बजेट परिषद् समक्ष पेश गर्ने,

(ग) बोर्डबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) बोर्डको विनियम बनाई परिषद्मा पेश गर्ने,

(ङ) रेल्वे सम्बन्धी काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्न आवश्यक कार्ययोजना बनाउने,

(च) रेल्वे प्रशासकबाट प्राप्त भएका प्रस्तावहरु मध्ये रिषद्मा पेश गर्नुपर्ने प्रस्तावहरु स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्बाट भएको निर्णय कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

(ज) परिषद्बाट प्रत्यायोजित वा निर्देशित काम कारवाही गर्ने, गराउने,

(झ) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने ।

१२. **कार्यकारी समितिको बैठक र निर्णय** : (१) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी समितिका कम्तीमा एक तिहाई सदस्यले कार्यकारी समितिको बैठक बोलाउनको लागि लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र कार्यकारी समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) कार्यकारी समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषयको सूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) कार्यकारी समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा कार्यकारी समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) कार्यकारी समितिको बैठकको अध्यक्षता कार्यकारी समितिको अध्यक्षले र निजको अनुपस्थितिमा सो समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) कार्यकारी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) कार्यकारी समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) कार्यकारी समितिले बोर्डको कामसँग सम्बन्धित कुनै बिशेषज्ञलाई कार्यकारी समतिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(१०) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) कार्यकारी समितिको अध्यक्ष तथा सदस्यहरुले कार्यकारी समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

१३. **बैठकमा भाग लिन नपाउने** : कार्यकारी समितिको बैठकमा छलफल हुने कुनै विषयमा निजी स्वार्थ भएको सदस्यले सो विषयमा हुने बैठकमा भाग लिन पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. **उपसमिति गठन गर्न सक्ने** : (१) कार्यकारी समितिले यस अध्यादेश बमोजिम आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा(१)बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि कार्यकारी समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## नेपाल सरकारको अधिकार

१५. **आदेश वा निर्देशन दिन सक्ने** : (१) मन्त्रालयले रेल्वे सेवा सञ्चालन गर्ने सम्बन्धमा बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) रेल्वेको कुनै सम्पत्ति नोक्सान भएको, हुन लागेको वा त्यस्तो सम्पत्ति उपभोग गर्नमा अवरोध उत्पन्न भएको देखिएमा मन्त्रालयले त्यस्तो कार्य रोक्न बोर्ड, कुनै व्यक्ति, संस्था वा निकायलाई आदेश दिन सक्नेछ ।

(३) बोर्डले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा गर्न लागेमा मन्त्रालयले त्यस्तो काम रोक्न आदेश दिन सक्नेछ ।

(४) मन्त्रालयले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा यस अध्यादेश बमोजिम बोर्डले दिएको कुनै आदेश पूर्ण वा आंशिक रुपमा बदर गर्न सक्नेछ ।

(५) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बोर्डलाई तिर्नु बुझाउनु पर्ने कुनै वा सबै भाडा मध्ये तोकिएको अवस्थामा त्यस्तो भाडा कुनै खास व्यक्ति वा वर्गले तिर्नु बुझाउनु नपर्ने गरी छुट दिन सक्नेछ ।

१६. **विदेशी भूमिमा रेल्वे सेवा सञ्चालन सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारले एक वा एक भन्दा बढी विदेशी राष्ट्रको भूमिसम्म वा विदेशी राष्ट्रले नेपालको भूमिसम्म वा नेपालको भूमि भएर अर्को विदेशी मुलुकमा जाने गरी रेल्वे सेवा सञ्चालन गर्ने वा गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय कानून, प्रचलन, परम्परा,अभ्यास, मूल्य, मान्यता समेतको





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा सम्बन्धित विदेशी राष्ट्रसँग सम्झौता गरी रेल्वे सेवा सञ्चालनका आधार, शर्त, तरिका तथा कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विदेशी राष्ट्रसँग सम्झौता भई विदेशी राष्ट्रको रेल्वे सेवा नेपालभित्र सञ्चालन हुने भएमा त्यस्तो रेल्वे सेवा सञ्चालन गर्ने सम्बन्धमा सम्झौतामा अन्यथा उल्लेख भएमा बाहेक सो रेल्वे नेपालभित्र सञ्चालन हुँदाका बखत नेपाल कानूनको व्यवस्था लागू हुनेछ ।

१७. **सुरक्षा इकाई गठन गर्न सक्ने** : (१) नेपाल सरकारले रेल्वेको सुरक्षाको लागि बोर्डसँग परामर्श गरी छुट्टै सुरक्षा इकाई गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने सुरक्षा इकाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद – ६
## रेल्वेको जाँच तथा भाडा निर्धारण

१८. **रेल्वे संचालन गर्न जाँचबुझ गराउनु पर्ने** : बोर्डले रेल्वे संचालन गर्न प्राविधिक तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त भए वा नभएको सम्बन्धमा विशेषज्ञद्वारा समय समयमा आवश्यक जाँचबुझ गराउनु पर्नेछ ।

१९. **भाडा तथा ढुवानी शुल्क तोक्ने** : (१) बोर्डले मन्त्रालयको स्वीकृति लिई यात्रीको भाडा र यात्रीगुण्टा, मालसामानको ढुवानी तथा डिमरेज वापतको शुल्क तोक्नेछ ।

(२) बोर्डले डिमरेज लाग्ने अवस्था तोकी सो प्रयोजनको लागि वस्तुको वर्गीकरण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिने भाडा र शुल्क सम्बन्धी विवरण ट्यारिफ किताबमा उल्लेख गर्नु पर्नेछ ।

२०. **ट्यारिफ किताबको व्यवस्था** : बोर्डले भाडा तथा शुल्क सम्बन्धी व्यवस्थालाई नियमित र व्यवस्थित गर्न ट्यारिफ किताबको व्यवस्था गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **रेल्वे समय तालिका र भाडाको दर** : बोर्डले रेल आइपुग्ने तथा प्रस्थान गर्ने समय तालिका र एक स्टेशनबाट अर्को स्टेशन पुग्न लाग्ने भाडा दर सम्बन्धित यात्रीको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद - ७
## चालक अनुमतिपत्र सम्बन्धी

२२. **अनुमतिपत्र नलिई रेल चलाउन नहुने** : कसैले पनि रेल चालक तथा सहचालक अनुमतिपत्र प्राप्त नगरी रेल चलाउन हुँदैन ।

२३. **रेल चालक वा सहचालकको अनुमतिपत्र** : (१) रेल चालक वा सहचालकको अनुमतिपत्र लिन चाहने व्यक्तिले तोकिएको विवरण खुलाई रेल्वे प्रशासक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा रेल चालक वा सहचालकको अनुमतिपत्र दिन उपयुक्त देखिएमा रेल्वे प्रशासकले तोकिएको दस्तुर लिई रेल चालक वा सहचालकको अनुमतिपत्र दिनेछ ।

(३) रेल चालक तथा सहचालकको अनुमतिपत्रको नवीकरण, सो वापत लाग्ने दस्तुर र खारेजी लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **रेल चालक वा सहचालकको योग्यता** : (१) रेल चालक वा सहचालकको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) कम्तीमा प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ख) बोर्डबरा मान्यता प्राप्त संस्थावाट रेल चलाउने सम्बन्धी प्रमाणपत्र प्राप्त गरेको,

(ग) रेल चालकको हकमा कम्तीमा पाँच वर्ष सहचालकको रुपमा काम गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै व्यक्ति रेल चालक वा सहचालक हुन सक्ने छैन :-

(क) एक्काइस वर्ष उमेर नपुगेको,



 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) छारे रोग भएको, बौलाएको वा रिङ्गटा लाग्ने वा मुर्छा हुने किसिमको रोग लागेको,

(ग) आँखाको देख्ने शक्ति कमजोर भई चस्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको,

(घ) साधारण ध्वनी, संकेत वा आवाज सुन्न नसक्ने गरी बहिरो भएको,

(ङ) रातो, हरियो, पहेलो जस्ता रङ्गहरु तुरुन्त छुट्याउन नसक्ने गरी दृष्टिदोष भएको,

(च) रतन्धो भएको,

(छ) हात वा खुट्टा शक्तिहीन भई काम दिन नसक्ने भएको ।

२५. अन्य व्यक्तिलाई अनुमतिपत्र दिन नहुने : रेल चालक वा सहचालकले रेल चलाउनको निमित्त आफ्नो अनुमतिपत्र अन्य व्यक्तिलाई दिनु हुँदैन ।

२६. मादक वा अन्य लागू पदार्थ सेवन गरी रेल चलाउन नहुने : रेल चालक वा सहचालकले मादक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गरी रेल चलाउनु हुँदैन ।

## परिच्छेद – ८
## टिकट तथा अधिकारपत्र सम्बन्धी

२७. टिकट वा अधिकारपत्र विना यात्रा गर्न नहुने : कसैले पनि टिकट वा अधिकारपत्र नलिई रेल्वे प्लेट फर्ममा प्रवेश गर्न वा रेलबाट यात्रा गर्नु हुँदैन ।

२८. टिकट तथा अधिकारपत्र जारी गर्ने : (१) रेलबाट यात्रा गर्न चाहने व्यक्तिलाई यात्रा वापतको भाडा तिरेपछि बोर्डले निर्धारित ढाँचामा टिकट जारी गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले कुनै व्यक्तिले रेलवाट यात्रा गर्न भाडा तिर्नु नपर्ने गरी तोकिए बमोजिम अधिकारपत्र जारी गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यात्रीले रेलबाट यात्रा गर्न लाग्ने भाडा तिरी टिकट खरीद गर्न वा सो प्रयोजनको लागि अधिकारपत्र प्राप्त गर्नु पर्नेछ ।

(४) बोर्डले यात्रीको सुविधाको लागि रेल्वे स्टेशनमा अटोमेटिक टिकट भेण्डिङ मेसिन स्थापना गरेको भए यात्रीले गन्तव्य स्टेशन सम्मको लाग्ने भाडा तिरी त्यस्तो मेशिनबाट टिकट लिन सक्नेछ ।

२९. **यात्राको लागि इन्कार गर्न सक्ने** : (१) बोर्डले देहायको अवस्थाका कुनै व्यक्तिलाई रेलबाट यात्रा गर्नको लागि इन्कार गर्न सक्नेछ :-

(क) सरुवा रोग लागेको,

(ख) मानसिक सन्तुलन ठीक नभएको,

(ग) नसा लागेको अवस्थामा रहेको,

(घ) शंकास्पद हतियारधारी,

(ङ) चिकित्सकबाट रेलबरा यात्रा गर्न अनुमति नदिइएको,

(च) रेल्वेको सम्पत्ति नोक्सानी गर्ने वा यात्रामा अवरोध पुऱ्याउने कृयाकलापमा शंकास्पद देखिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आवश्यकता अनुसार सरुवा रोग लागेको, मानसिक सन्तुलन ठीक नभएको वा नसा लागेको व्यक्तिलाई अरु व्यक्तिवाट अलग्गै राखी यात्रा गर्न अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित कुनै व्यक्तिले बोर्डलाई झुक्याई टिकट वा अधिकारपत्र लिएको, रेलमा प्रवेश गरेको वा यात्रा गरेको पाइएमा टिकट जाँचकीले निजको टिकट वा अधिकारपत्र रद्द गर्न वा निजलाई जुनसुकै बखत रेलबाट हटाउन सक्नेछ ।

३०. **तोकिएको बाटो प्रयोग गर्नु पर्ने** : यात्रीले रेलबाट यात्रा गर्दा बोर्डद्वारा तोकिएको बाटोबाट मात्र आवत जावत गर्नु पर्नेछ ।

३१. **टिकट रद्द तथा रकम फिर्ता सम्बन्धी व्यवस्था** : टिकट रद्द गर्ने तथा रद्द गरिएको टिकटको भाडा वापतको रकम फिर्ता गर्ने सम्बन्धी व्यवस्था ट्यारिफ किताबमा उल्लेख गरे बमोजिम हुनेछ ।

३२. **टिकट तथा अधिकारपत्र जाँच गर्ने** : (१) बोर्डले कुनै व्यक्तिद्वारा टिकट वा अधिकारपत्र प्रयोग गरी यात्रा गरे वा नगरेको सम्बन्धमा जाँच गर्न टिकट जाँचकीको व्यवस्था गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यात्रीले यात्रा शुरु भएदेखि अन्त्य नभएसम्म टिकट वा अधिकारपत्र आफ्नो साथमा राख्नु पर्नेछ र टिकट जाँचकीले माग गरेको बखत त्यस्तो टिकट वा अधिकारपत्र देखाउनु पर्नेछ ।

(३) विदेशीले यात्रा गर्दा टिकट वा अधिकारपत्रको अतिरिक्त पासपोर्ट वा यात्रा अनुमतिपत्र (ट्राभल डकुमेन्ट) समेत आफ्नो साथमा राख्नु पर्नेछ ।

३३. **भाडा असुल गर्ने** : (१) टिकट जाँचकीले देहायको अवस्थामा रेलबाट यात्रा गर्ने व्यक्तिसँग भाडा बापत देहाय बमोजिमको रकम र टिकट वा अधिकारपत्र नलिए वापत लाग्ने भाडा बराबरको थप रकम तत्काल असुल गर्नेछ :-

(क) कुनै व्यक्तिले टिकट वा अधिकारपत्र नलिई वा प्रयोग भइसकेको टिकट वा अधिकारपत्र प्रयोग गरी यात्रा गरेको देखिएमा निजले यात्रा प्रारम्भ गरेको ठाउँदेखि निजको गन्तव्यसम्मको लाग्ने भाडा,

(ख) कुनै व्यक्तिले टिकट वा अधिकारपत्रमा उल्लिखित श्रेणीभन्दा माथिल्लो श्रेणीमा यात्रा गरेको देखिएमा निजले तिर्नु पर्ने खास भाडा मध्ये निजले तिरेको वा अधिकारपत्र बमोजिम सुविधा पाएको भाडा कटाई बाँकी भाडा ।

(२) कुनै यात्रीले उपदफा (१) बमोजिम पूरा रकम टिकट जाँचकीलाई बुझाउन नसकेमा टिकट जाँचकीले निजलाई जुनसुकै बखत रेलबाट ओराल्न सक्नेछ ।

(३) कुनै यात्रीले उपदफा (१) बमोजिमको पूरा रकम टिकट जाँचकीलाई नबुझाएमा वा बुझाउन इन्कार गरेमा टिकट जाँचकीले निजलाई स्टेशनमा ओराली सुरक्षाकर्मीको नियन्त्रणमा राखी सोको लिखित जानकारी स्टेशन प्रमुखलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएपछि स्टेशन प्रमुखले त्यस्तो व्यक्तिलाई आवश्यक कारवाही गर्न रेल्वे प्रशासक समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९८

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रतिवेदन जाँचबुझ गर्दा मनासिव देखिएमा रेल्वे प्रशासकले भाडा नतिर्ने व्यक्तिलाई भाडा सहितको थप रकम बुझाउन आदेश गरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम रेल्वे प्रशासकले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-९

## यात्री गुण्टाको ढुवानी र क्षतिपूर्ति

३४. **यात्रीगुण्टाको ढुवानी सम्बन्धी व्यवस्था** : (१) कुनै यात्रीले ट्यारिफ किताबमा उल्लेख गरिए बमोजिमको ढुवानी शुल्क तिरी बोर्ड समक्ष यात्रीगुण्टा दर्ता गरी रेलबाट यात्रीगुण्टा ढुवानी गराउन सक्नेछ ।

(२) उपदफा(१)मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको चिजवस्तु यात्रीगुण्टाको रुपमा ढुवानी गर्न सकिने छैन :-

(क) ढुवानीको लागि कानून बमोजिम निषेध गरिएका वस्तु,

(ख) खतरनाक पदार्थ वा हानिकारक वस्तु,

(ग) ठूलो आकार भएको वा अत्यधिक गह्रौ वस्तु,

(घ) तोकिए बमोजिमका जीवजन्तु वा अन्य वस्तु ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यात्रीले तोकिए बमोजिमको चिजवस्तु ढुवानी शुल्क नतिरी यात्री गुण्टाको रुपमा आफ्नो साथमा लैजान पाउनेछ ।

(४) उपदफा (१) बमोजिम यात्रीगुण्टा दर्ता गर्दा बोर्डले निर्धारण गरे बमोजिमको ढाँचामा दर्ता रसिद जारी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जारी गर्ने दर्ता रसिदमा देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछ :-

(क) यात्रीगुण्टाको संख्या र सोको तौल,

(ख) ढुवानीको लागि यात्रीगुण्टा जिम्मा लिएको दिन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) यात्रीगुण्टा चलान भएको र पुऱ्याउने स्थान वा स्टेशन,

(घ) ढुवानी र शुल्क सम्बन्धी अन्य आवश्यक कुरा ।

(६) कुनै यात्रीले उपदफा (२) को खण्ड (क), (ख) र (घ) बमोजिमको कुनै बस्तु वा जीवजन्तु लुकाई छिपाई रेलबाट ढुवानी गरेको पाइएमा रेल्वे कर्मचारीले तत्कालै आउने अघिल्लो स्टेशनमा त्यस्ता यात्री र चीजबस्तु वा जीवजन्तु ओराली सो उपदफाको खण्ड (क) र (ख) बमोजिमको चीजबस्तु ढुवानी गर्ने यात्रीलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित अधिकारी समक्ष पठाउनु पर्नेछ ।

३५. **यात्रीगुण्टा ढुवानीको लागि इन्कार गर्न सक्ने** : दर्ता गरेको यात्रीगुण्टाको कुनै थानको प्याकिङ्ग त्रुटीपूर्ण भएको, राम्रोसँग प्याकिङ्ग नगरिएको वा क्षति भएको स्पष्ट देखिएमा बोर्डले त्यस्तो यात्रीगुण्टा ढुवानीका लागि इन्कार गर्न सक्नेछ ।

तर बोर्डले चाहेमा त्यस्तो यात्रीगुण्टा कैफियत जनाई ढुवानीको लागि स्वीकार गर्न सक्नेछ ।

३६. **बोर्ड जिम्मेवार नहुने** : यात्रीले बोर्ड समक्ष दर्ता नगरी आफ्नो साथमा लगेका यात्रीगुण्टा बोर्डका कर्मचारीको कारणबाट हानि नोक्सानी भएको अवस्थामा बाहेक अन्य कारणले भएको हानि नोक्सानी उपर बोर्ड जिम्मेवार हुने छैन ।

३७. **यात्रीगुण्टा सम्बन्धी दायित्व** : (१) दर्ता भएको यात्रीगुण्टा ढुवानीको लागि स्वीकार गरिएको समयदेखि हस्तान्तरण नभएसम्म यात्रीगुण्टा पूर्ण वा आंशिक रुपमा हराएको, क्षति भएको वा हस्तान्तरणमा ढिलाई भएको सम्बन्धमा बोर्ड जवाफदेही हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कारणबाट यात्रीगुण्टा हराएमा, क्षति भएमा वा हस्तान्तरणमा ढिलाई भएमा बोर्ड जवाफदेही हुने छैनः–

(क) यात्रीको गल्तीको कारणले,

(ख) बोर्डको गल्ती भएकोमा बाहेक यात्रीले दिएको आदेशको कारणले,

(ग) टुटफुट हुन सक्ने यात्रीगुण्टा भएको कारणले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्याकिङ्ग गर्नु पर्ने यात्रीगुण्टा प्याकिङ्ग नै नगरिएको वा राम्रोसँग प्याकिङ्ग नगरिएको कारणले,

(ङ) बोर्डको काबु बाहिरको परिस्थिति उत्पन्न भई चाहेर पनि त्यस्तो परिस्थितिबाट बचाउ गर्न नसक्ने कारणले ।

(३) उपदफा (२) मा उल्लिखित कुनै कारणबाट यात्रीगुण्टा हराएको, क्षति भएको वा हस्तान्तरण गर्नमा ढिलाई भएको प्रमाण पुऱ्याउने भार बोर्डको हुनेछ ।

३८. **यात्रीगुण्टाको हस्तान्तरण** : (१) यात्रीले दर्ता रसिद पेश गरी रकम बुझाउन बाँकी भए सो बुझाए पछि मात्र बोर्डले त्यस्तो यात्रीलाई यात्रीगुण्टा हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै यात्रीले दर्ता रसिद प्रस्तुत गर्न नसकेको अवस्थामा कुनै यात्रीगुण्टा निजको हो भन्ने कुरामा बोर्ड विश्वस्त भएमा निजलाई त्यस्तो यात्रीगुण्टा हस्तान्तरण गर्न सकिनेछ ।

३९. **यात्रीगुण्टा हराएको मानिने** : (१) कुनै यात्रीले दर्ता भएको आफ्नो यात्रीगुण्टा पाउनको लागि बोर्ड समक्ष अनुरोध गरेको मितिले पन्ध्र दिनभित्र त्यस्तो यात्रीगुण्टा निजलाई हस्तान्तरण नगरेमा वा कुनै अधिकार प्राप्त अधिकारीको जिम्मा नलगाएमा त्यस्तो यात्रीगुण्टा हराएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम हराएको तीस दिनभित्र यात्रीगुण्टा पाइएमा बोर्डले सम्बन्धित यात्रीलाई तुरुन्त सूचना गरी त्यस्तो यात्रीगुण्टा बुझाउनु पर्नेछ । त्यसरी यात्रीगुण्टा बुझाएकोमा सो यात्रीले यात्रीगुण्टा बापत कुनै क्षतिपूर्ति लिएको भए सो रकम बोर्डलाई फिर्ता गर्नु पर्नेछ ।

(३) यात्रा गरेको मितिले पैतालीस दिनभित्र सम्बन्धित यात्री यात्रीगुण्टा माग गर्न नआएमा तोकिएको प्रकृया पूरा गरी त्यस्तो यात्रीगुण्टामा बोर्डको स्वामित्व कायम गर्न सकिनेछ ।

४०. **यात्रीगुण्टा हराएमा, क्षति भएमा वा हस्तान्तरण गर्न ढिलाई भए बापतको क्षतिपूर्ति** : (१) कुनै यात्रीगुण्टा पूर्ण वा आंशिक रुपमा हराएमा वा क्षति भएमा सो वापत बोर्डले तिर्नु पर्ने क्षतिपूर्ति देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) यात्रीगुण्टाको मूल्य घोषणा गरी ढुवानी गरेकोमा घोषित मूल्यको आधारमा,

(ख) खण्ड (क) बमोजिम मूल्य घोषणा नगरिएकोमा त्यस्तो यात्रीगुण्टाको गन्तव्य स्थानको प्रचलित बजार मूल्यको आधारमा,

(ग) खण्ड (ख) बमोजिम गन्तव्य स्थानको प्रचलित बजार मूल्य खुल्न नसकेमा त्यस्तो यात्री गुण्टाको वास्तविक मूल्यको आधारमा ।

(२) उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिम मूल्य निर्धारण गर्दा त्यस्तो यात्रीगुण्टा दर्ता गर्दाको अवस्थामा रहेको यात्रीगुण्टाको किसिम र गुणलाई समेत आधार मानिनेछ ।

(३) कुनै यात्रीगुण्टा हराई वा क्षति भई बोर्डले सोको क्षतिपूर्ति तिर्नु पर्ने भएमा उपदफा (१) मा उल्लिंखित क्षतिपूर्ति उपलब्ध गराई हराएको वा क्षति भएको यात्रीगुण्टाको ढुवानी शुल्क र अन्य शुल्क लिएको भए सो समेत फिर्ता गर्नु पर्नेछ ।

(४) कुनै यात्रीगुण्टाको हस्तान्तरण गर्नमा ढिलाई भएको कारणले कुनै नोक्सानी वा क्षति हुन गएमा बोर्डले त्यस्तो यात्रीगुण्टाको क्षति बराबरको रकम सम्बन्धित व्यक्तिलाई तिर्नु पर्नेछ ।

(५) कुनै यात्रीगुण्टाको आंशिक क्षति भएको र हस्तान्तरणमा ढिलाई समेत भएकोमा यात्रीगुण्टामा भएको क्षति वा ढिलाईको आधार मा क्षतिपूर्ति दावी गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिमको क्षतिपूर्तिको रकम यात्रीगुण्टाको कुल तौलको प्रतिकिलो असी रुपैयाँ भन्दा बढी हुने छैन ।

(७) यात्रीगुण्टा हस्तारण गर्नमा ढिलाई भएमा बोर्डले यात्रीगुण्टाको हस्तान्तरण गर्न जति दिन ढिलाई भएको हो सो दिनदेखि यात्रीगुण्टाको प्रतिकिलो दश रुपैयाँका दरले हुन आउने रकम क्षतिपूर्ति वापत सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्नेछ ।

तर त्यस्तो क्षतिपूर्तिको रकम बुझाउनु पर्ने दिन दश दिन भन्दा बढी हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. **वास्तविक मूल्यको आधारमा क्षतिपूर्ति दिनु पर्ने** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डको कुनै अधिकारीको वदनियत वा लापरवाहीबाट दर्ता भएको कुनै यात्रीगुण्टा हराएको,क्षति भएको वा हस्तान्तरणमा ढिलाई भएमा बोर्डले यात्रीगुण्टाको वास्तविक मूल्य बराबरको रकम क्षतिपूर्तिको रुपमा सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

४२. **क्षतिपूर्तिको लागि निवेदन दिनु पर्ने म्याद, स्थान तथा निर्णय गर्नु पर्ने अवधि** : (१) यस परिच्छेद बमोजिम क्षतिपूर्ति माग गर्न चाहने व्यक्तिले यात्रीगुण्टा दर्ता गरी ढुवानीको लागि बोर्डलाई जिम्मा लगाएको मितिले पन्ध्र दिनभित्र देहायको कुनै स्थान मार्फत बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :-

(क) यात्रीगुण्टा जिम्मा लगाइएको रेल्वे स्टेशन,

(ख) यात्रीगुण्टा पुग्नु पर्ने रेल्वे स्टेशन ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र बोर्डले निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - १०

## मालसामानको ढुवानी र क्षतिपूर्ति

४३. **ढुवानी सम्बन्धी मालसामानको विवरणपत्र पेश गर्नु पर्ने** : (१) रेलबाट मालसामान ढुवानी गर्न चाहने प्रेषकले बोर्डद्वारा निर्धारित ढाँचामा विवरणपत्र भरी बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण प्रेषकले स्पष्ट रुपमा भर्नु पर्नेछ र स्पष्ट विवरणपत्र नभरेको कारणबाट उत्पन्न हुने परिणाम प्रति बोर्ड जवाफदेही हुने छैन ।

(३) प्रेषकले उपदफा (१) बमोजिम विवरणपत्रमा उल्लेख गरेका मालसामान दुरुस्त भए वा नभएको विषयमा जाँचवुझ गर्ने





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार बोर्डलाई हुनेछ र त्यस्तो जाँचबुझ बोर्डले प्रेषकको रोहवरमा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा कुनै मालसामान निषेधित हो वा होइन भन्ने विषयमा शंका उत्पन्न भएमा बोर्डले त्यस्तो मालसामानको परीक्षण गर्नको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ र त्यसरी परीक्षण गर्दा लागेको खर्च प्रेषकले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम परीक्षण गर्दा कुनै वस्तु निषेधित भएको प्रमाणित भएमा बोर्डले सम्बन्धित व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सो वस्तु सहित सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

४४. ढुवानीको लागि मालसामान स्वीकार गर्ने : (१) मालसामानको आकार, तौल, प्रकृति वा तोकिएको अन्य कुनै कारणले ढुवानीमा विशेष कठिनाई उत्पन्न हुने अवस्थामा बाहेक बोर्डले कुनै पनि मालसामान ढुवानीको लागि स्वीकार गर्नेछ ।

(२) बोर्डले उपदफा (१) बमोजिम ढुवानीको लागि मालसामान स्वीकार गरेपछि बोर्डद्वारा निर्धारित ढाँचामा रेल्वे रसिद जारी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रेल्वे रसिदमा अन्य कुराका अतिरिक्त देहायका कुराहरु समेत उल्लेख गर्न पर्नेछ :-

(क) प्रेषकको नाम र पूरा ठेगाना,

(ख) मालसामानको विवरण,

(ग) मालसामानको तौल र तौल खुल्न नसकेमा अन्य जानकारी,

(घ) वागनलोड भन्दा घटी भएको मालसामानको हकमा प्याकेजको संख्या र प्याकिङ्गको विवरण,

(ङ) विवरणपत्रसँग संलग्न गरिएका कागजातको फिहरिस्त,

(च) गन्तव्य स्टेशनको नाम,

(छ) प्रापकको नाम र ठेगाना,

(ज) अन्य आवश्यक कुराहरु ।

(४) बोर्डले मालसामानको ढुवानीका लागि आवश्यकता अनुसार एउटै वा छुट्टा छुट्टै रेल्वे रसिद जारी गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५. **रेल्वे रसिदमा क्षतिको संकेत गर्नु पर्ने** : बोर्डले स्पष्टरुपमा क्षतिग्रस्त देखिने मालसामान ढुवानीको लागि स्वीकार गर्दा त्यस्तो मालसामानको अवस्था रेल्वे रसिदमा उल्लेख गर्नु पर्नेछ ।

४६. **वागनको एक्सल वजन निर्धारण गर्न सक्ने** : (१) बोर्डले वागनको अधिकतम एक्सल वजन निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित अधिकतम एक्सल वजन भन्दा बढी हुने गरी बोर्डले कुनै पनि मालसामान रेलमा राखी ढुवानी गर्नु हुँदैन ।

४७. **मालसामानको मूल्य घोषणा गरी ढुवानी गर्न सकिने** :(१) कुनै मालसामानको मूल्य रेल्वे रसिदमा घोषणा गरी ढुवानी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम मालसामानको मूल्य घोषणा गरी ढुवानी गराएको अवस्थामा सो वापतको ढुवानी शुल्क ट्यारिफ किताबमा निर्धारण गरे बमोजिम हुनेछ ।

४८. **ढुवानी तथा अन्य शुल्क बुझाउनु पर्ने** : (१) प्रेषकले मालसामान ढुवानी गरे वापत लाग्ने ढुवानी शुल्क बोर्डलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रेषकले बुझाउनु पर्ने ढुवानी शुल्क नबुझाई बाँकी रहेको अवस्थामा त्यस्तो ढुवानी शुल्क प्रापकले बुझाउनु पर्नेछ ।

(३) प्रापक जिम्मेवार हुनु पर्ने कारणबाट उत्पन्न डिमरेज तथा गोदाम वापत वा कुनै मालसामान तौल गर्दा लाग्ने शुल्क प्रापकले बुझाउनु पर्नेछ ।

४९. **प्रेषक जिम्मेवार हुने** : (१) बोर्डको कुनै कर्मचारीको गलत कार्य वा त्रुटीले बाहेक कुनै कागजात नभएको,अपर्याप्त भएको वा कुनै अनियमितता भएको कारणबाट हुन जाने हानि वा नोक्सानी प्रति प्रेषक स्वयं जिम्मेवार हुनेछ ।

(२) कुनै मालसामान प्याकिङ्ग नगरिएको वा राम्रोसँग प्याकिङ्ग नगरिएको कारणबाट उत्पन्न हुने परिणामको लागि प्रेषक जिम्मेवार हुनेछ र सोको कारणबाट रेल्वेमा कुनै हानि वा नोक्सानी हुन गएमा त्यस्तो हानि वा नोक्सानीको क्षतिपूर्ति समेत प्रेषकले तिर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. **मालसामानको हस्तान्तरण** : (१) गन्तव्य स्थानमा मालसामान पुगेपछि प्रापकले रेल्वे रसिद पेश गरी बोर्डबाट मालसामान लिन सक्नेछ ।

तर प्रापकले रेल्वे रसिद पेश गर्न नसकेको अवस्थामा बोर्डले निजको परिचयपत्र वा अन्य प्रमाणका आधारमा पनि मालसामान हस्तान्तरण गर्न सक्नेछ ।

(२) बोर्डले मालसामानको हस्तान्तरण गर्दा प्रापकबाट मालसामान बुझेको भरपाई गराई निजबाट कुनै रकम प्राप्त गर्नु पर्ने भए सो समेत बुझिलिई मालसामान हस्तान्तरण गर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रापकले आफ्नो मालसामान देहायको स्थानबाट बुझिलिनु पर्नेछ :-

(क) बोर्डको सुपरिवेक्षणमा रहन नपर्ने अवस्थामा सम्बन्धित अधिकारीलाई कानून बमोजिम निजको स्थानमा वा गोदाममा बुझाएकोमा त्यस्तो स्थानबाट,

(ख) सुख्खा बन्दरगाह वा कन्टेनर फ्रेट स्टेशनभित्रको निजी वा सरकारी गोदाम वा निर्यात प्रशोधन क्षेत्र एक्सपोर्ट प्रोसेसिङ्ग जोन जस्ता क्षेत्रमा बुझाएकोमा त्यस्तो स्थानबाट ।

(४) गन्तव्य स्थानमा मालसामान आईपुगेको पैंतालीस दिनभित्र सो मालसामान बुझिलिन प्रापक नआएमा मालसामानको स्वामित्व, हस्तान्तरण लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **मालसामान बुझ्न इन्कार गर्न सक्ने** : मालसामानमा कुनै क्षति भएको कुरा शङ्का लागेमा प्रापकले त्यस्तो क्षतिको जाँच नगरेसम्म मालसामान बुझ्न इन्कार गर्न सक्नेछ ।

५२. **मालसामान सम्बन्धी दायित्व** : (१) रेल्वे रसिदमा उल्लेखित मालसामान पूरै वा आंशिक रुपमा हराएको, क्षति भएको वा हस्तान्तरण गर्नमा ढिलाई भएको सम्बन्धमा बोर्ड जिम्मेवार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कारणबाट मालसामान क्षति भएमा वा हस्तान्तरणमा ढिलाई भएमा बोर्ड जिम्मेवार हुने छैन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) प्याकिङ्ग गर्नुपर्ने प्रकृतिका मालसामान प्याकिङ्ग नगरिएको वा राम्रोसँग प्याकिङ्ग नगरिएको,

(ख) दर्ता भए बमोजिम मालसामान प्रेषकले लोड नगरेको वा प्रापकले अनलोड गरेको अवस्थामा,

(ग) गलत वा अपूर्ण विवरणपत्र भरी मालसामान पठाएको,

(घ) प्रेषक वा प्रापकको अनुरोधमा खुल्ला वागनबाट मालसामान ढुवानी गराएको,

(ङ) मालसामानको खरावीबाट वा कुनै मालसामानको प्रकृति बाटै (जस्तै भाँचिएर, बिग्रेर, कुहिएर, सुख्खा भएर वा खेर गएर) पूर्ण वा आंशिक रुपमा क्षति भएको,

(च) काबु बाहिरको परिस्थिति उत्पन्न हुन गई बोर्डले चाहेर पनि त्यस्तो परिस्थितिबाट बचाउ गर्न नसकेको,

(छ) बोर्डको अनुमति विना जीवजन्तुको ढुवानी गरेको ।

(३) उपदफा (२) मा उल्लिखित कुनै कारणबाट मालसामान हराएको, क्षति भएको वा हस्तान्तरणमा ढिलाई भएको हो भन्ने कुरा प्रमाणित गर्ने भार बोर्डको हुनेछ ।

५३. **मालसामान हराएको मानिने** : मालसामान हस्तान्तरण गर्ने समय निर्धारण भएकोमा त्यसरी निर्धारित समय भुक्तान भएको पन्ध्र दिन र समय निर्धारण नभएकोमा रेल्वे रसिद जारी भएको मितिले तीस दिनभित्र मालसामान हस्तान्तरण नगरेमा मालसामान हराएको मानिनेछ ।

५४. **मालसामान हस्तान्तरणमा ढिलाई भएको मानिने** : देहायको समयभित्र प्रापकलाई मालसामान हस्तान्तरण गर्न नसकेमा मालसामान हस्तान्तरणमा ढिलाई भएको मानिनेछ :-

(क) मालसामान बुझाउनु पर्ने समय निर्धारण भएकोमा त्यसरी निर्धारित समयभित्र,

(ख) खण्ड (क) बमोजिम समय निर्धारण नभएकोमा रेल्वे रसिद जारी भएको तीस दिनभित्र ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५. **मालसामान हराएमा वा क्षति भएमा वा हस्तान्तरण गर्न ढिलाई भए वापतको क्षतिपूर्ति** : मालसामान हराएमा वा क्षति भएमा वा हस्तान्तरण गर्न ढिलाई भए वापतको क्षतिपूर्ति सम्बन्धी व्यवस्था दफा ४० मा उल्लिखित यात्रीगुण्टा सम्बन्धमा भएको व्यवस्था बमोजिम हुनेछ ।

५६. **क्षतिपूर्तिको लागि निवेदन दिनु पर्ने म्याद, स्थान तथा निर्णय गर्नुपर्ने अवधि** : (१) यस परिच्छेद बमोजिम क्षतिपूर्ति माग गर्न चाहने प्रेषक वा प्रापकले त्यस्तो मालसामान ढुवानीका लागि बोर्डलाई जिम्मा लगाएको मितिले पैंतालीस दिनभित्र देहायको कुनै स्थान मार्फत बोर्ड समक्ष निवेदन दिनु पर्नेछ :-

(क) ढुवानीको लागि मालसामान जिम्मा लगाइएको रेल्वे स्टेशन,

(ख) मालसामान पुग्नु पर्ने रेल्वे स्टेशन ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले पैतीस दिनभित्र बोर्डले निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - ११

## रेलको दुर्घटना जाँच तथा दायित्व सम्बन्धी

५७. **रेल दुर्घटनाको सूचना दिनु पर्ने** : (१) रेल सञ्चालनको सिलसिलामा दुर्घटना भई कुनै मानिसको मृत्यु भएमा, कुनै व्यक्तिलाई चोटपटक लागेमा, कुनै सम्पत्तिको क्षति भएमा वा रेल क्षतिग्रस्त भएमा रेल्वे कर्मचारीले त्यस्तो दुर्घटना भएको स्थानबाट सबैभन्दा नजिकको स्टेशन प्रमुख तथा रेल्वे सुरक्षा कार्यालयमा र रेल्वे स्टेशन प्रमुख तथा रेल्वे सुरक्षा कार्यालयलेरेल्वे प्रशासक तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा तुरुन्तै सूचना दिनु पर्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएपछि रेल्वे प्रशासक तथा जिल्ला प्रशासन कार्यालयले सो दुर्घटनाको बारेमा तुरुन्त मन्त्रालयलाई सूचना दिनु पर्नेछ।

५८. **नेपाल सरकारले जाँचबुझ गर्न वा गराउन सक्ने :** रेल दुर्घटनाका सम्बन्धमा सूचना प्राप्त भएपछि दुर्घटनाको गाम्भिर्यतालाई दृष्टिगत गरी नेपाल सरकारले प्रचलित कानून बमोजिम जाँचबुझ आयोग गठन गरी त्यस्तो दुर्घटनाको जाँचबुझ गर्न वा गराउन सक्नेछ।

५९. **आफैले जाँचबुझ गर्न वा गराउन सक्ने :** दफा ५८ मा जुनसुकै कुरा लेखिएको भए तापनि रेल्वे सञ्चालनको सिलसिलामा भएको सामान्य दुर्घटनाका सम्बन्धमा बोर्ड आफैले त्यस्तो दुर्घटनाको जाँचबुझ गर्न वा गराउन सक्नेछ।

६०. **उपचार खर्च, क्षर्तिपूति वा किरिया खर्च उपलब्ध गराउनु पर्ने :** (१) रेल दुर्घटनाबाट कुनै व्यक्तिलाई कुनै किसिमको हानि वा नोक्सानी पुग्न गएमा बोर्डले निज वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालालाई देहाय बमोजिमको रकम उपचार खर्च, क्षतिपूर्ति वा किरि या खर्च वापत उपलब्ध गराउनु पर्नेछ :-

(क) कुनै व्यक्तिलाई चोटपटक लागेकोमा चोटपटकको स्थिति विचार गरी औषधि खर्च वापत पचास हजार रुपैयाँसम्म,

(ख) कुनै व्यक्तिको अङ्गभङ्ग भएकोमा निको नभई काम नलाग्ने भएमा सो अङ्गभङ्ग वापत प्रत्येक अङ्गको दुई लाख पचास हजार रुपैयाँ र त्यस्तो अङ्ग काम लाग्ने भए घाउ खर्च वापत एक लाख रुपैयाँसम्म,

(ग) कुनै व्यक्तिको ज्यान मरेकोमा किरिया खर्च वापत पचास हजार रुपैयाँ र क्षतिपूर्ति वापत पाँच लाख रुपैयाँसम्म,

(घ) दुर्घटनाबाट कुनै व्यक्तिको सम्पत्ति हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानी भए वापत पाँच लाखमा नबढाई मनासिव रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणबाट यात्री मरेमा, अङ्गभङ्ग भएमा वा घाइते भएमा त्यस्तो क्षतिपूर्ति दिइने छैन :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) यात्रीले आत्महत्या गरेमा वा आत्महत्या गर्ने प्रयास गरेको,

(ख) यात्रीको आफ्नै गल्तीको कारणले,

(ग) यात्रीको कुनै अपराधिक कार्यबाट,

(घ) यात्रीले मादक पदार्थ वा लागू औषध सेवन गरी वा बेहोस वा पागल भई गरेको कुनै कारणबाट,

(ङ) कुनै यात्री प्राकृतिक कारण वा कुनै रोग वा अन्य कुनै औषधोपचारको सिलसिलामा ।

(३) यस दफा बमोजिम बोर्डले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - १२
## रेल्वे प्रशासक तथा कर्मचारी सम्बन्धी

६१. **रेल्वे प्रशासकको नियुक्ति** : (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना रेल्वे प्रशासक रहनेछ ।

(२) हाइवे, ट्रान्सपोर्टेशन वा रेल्वे इन्जिनियरिङ बिषयमा कम्तीमा स्नातकोत्तर गरी सडक तथा रेल्वे यातायातको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले रेल्वे प्रशासकको नियुक्ति गर्नेछ ।

(३) रेल्वे प्रशासकको पदावधि पाँच वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि रेल्वे प्रशासकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, निजले बोर्डको हित विपरीत कुनै काम कारवाही गरेमा, निज कुनै खराब आचरणमा लागेमा वा निजमा कार्यक्षमताको अभाव भएमा नेपाल सरकारले तोकिएको प्रकृया अपनाई निजलाई जुनसुकै बखत रेल्वे प्रशासकको पदबाट हटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी रेल्वे प्रशासकको पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन ।

(५) रेल्वे प्रशासकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

६२. **रेल्वे प्रशासकको काम, कर्तव्य र अधिकार** : रेल्वे प्रशासकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद् तथा कार्यकारी समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) बोर्डको बजेट, अल्पकालीन तथा दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(ग) बोर्डबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) बोर्डका लागि आवश्यक कर्मचारी नियुक्तिको लागि सिफारिस गर्ने,

(ङ) परिषद तथा कार्यकारी समितिबाट स्वीकृत हुनुपर्ने प्रस्ताव तयार गरी पेश गर्ने,

(च) बोर्डद्वारा सञ्चालित योजना तथा कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

६३. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) बोर्डले यस दफा बमोजिम कर्मचारीहरुको नियुक्ति नगरेसम्मको लागि बोर्डको अनुरोधमा मन्त्रालयले आवश्यक संख्यामा कर्मचारीहरु बोर्डमा काम गर्ने गरी काजमा खटाउन सक्नेछ ।

(४) बोर्डको संगठन संरचनाको स्वीकृति बोर्डको सिफारिसमा मन्त्रालयले गर्नेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - १३

## बोर्डको कोष र लेखापरीक्षण

६४. **बोर्डको कोष** : (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) यात्री भाडा वा ढुवानी शुल्कबाट प्राप्त रकम,

(घ) बोर्डको जग्गा लिज वा भाडामा दिए वापत प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) बोर्डको सम्पूर्ण खर्च उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) बोर्डको कोषमा रहने रकम नेपालभित्रको कुनै वाणिज्य बैंङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(६) बोर्डको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

६५. **लेखा र लेखापरीक्षण** : (१) बोर्डको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) बोर्डले तोकिए बमोजिम आय व्ययको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु, गराउनु पर्नेछ ।

(३) बोर्डको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) मन्त्रालयले चाहेमा बोर्डको आय व्ययको लेखा तथा सोसँग सम्बन्धित कागजात जुनसुकै बखत जाँच्न वा जचाँउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ३१

## परिच्छेद-१४

## कसुर, सजाय तथा अन्य व्यवस्था

६६. **आगजनी गर्ने वा भय त्रास देखाउनेलाई सजाय** : कसैले रेल्वे वा रेलमा आगो लगाएमा वा विष्फोटक पदार्थ ओछ्याएमा, राखेमा वा कुनै प्रज्वलनशील पदार्थ वा विद्युतीय धराप (एम्बुस) बनाई आवागमनमा वा सार्वजनिक उपयोगका अन्य कुनै कुराको प्रयोगमा अवरोध पुऱ्याएमा वा रेल्वेको सञ्चालनमा कुनै किसिमको डर, त्रास, भय देखाई बन्द गरेमा वा कुनै किसिमबाट रेल्वे अवरुद्ध गरी यात्रीको आवागमनमा बाधा पुऱ्याएमा वा त्यस्तो कार्यबाट कसैको ज्यान मरेकोमा प्रचलित कानून बमोजिम ज्यान मारे सरह सजाय र ज्यान नमरेको भए दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

६७. **रेल्वे कब्जा गर्नेलाई सजाय** : कसैले रेल्वे वा रेल कब्जा गरी वा प्रयोग हुन नदिई वा अन्य कुनै किसिमले हानि, नोक्सानी पुऱ्याएमा दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

६८. **माटो ढुङ्गा फ्याक्नेलाई सजाय** : कसैले रेल दुर्घटना हुन सक्ने गरी रेल्वे वा रेलमा कुनै वस्तु फ्याक्ने, रेलको लिकमा ढुँगा, काठ वा अरु कुनै कुरा राख्ने, रेलको लिक वा सो सम्बन्धी किला काँटा स्लिपर आदि झिक्ने, ज्वाइन्टहरु खुकुलो पार्ने वा अरु कलपुर्जा चलाउने, हेरफेर गर्ने वा बन्द गर्ने कार्य गरेमा सात बर्ष सम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

६९. **बत्ती झिक्ने तथा निसाना बदल्नेलाई सजाय** : कसैले रेल्वे वा रेलको कुनै निशाना वा बत्ती लुकाउने, चलाउने, झिक्ने, फरक गरी देखाउने, बदल्ने, मेट्ने, हटाउने, खुर्किने जस्ता रेल दुर्घटना हुने कुनै कार्य गरे वा गराएमा सात बर्ष सम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

७०. **सूचना संयन्त्र प्रयोग गर्नेलाई सजाय** : बोर्डको अधिकार प्राप्त व्यक्ति बाहेक कसैले अत्यावश्यक कारण नभई रेल्वेको प्रयोजनको लागि जडान गरिएका कुनै सञ्चार उपकरणको प्रयोग वा हस्तक्षेप गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

७१. **मादक पदार्थ सेवन गर्ने वा झगडा गर्नेलाई सजाय** : कसैले बोर्डबरा तोकिएको कक्ष बाहेकको स्थानमा मादक पदार्थ सेवन गरेमा, रेल्वेका कर्मचारी वा





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यात्रुसँग झै झगडा गरेमा, रेलभित्र होहल्ला गरेमा वा कसैलाई गाली गलौज गर्ने वा अश्लील वा अपमानजनक शब्दहरु प्रयोग गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

७२. **बाधा बिरोध उत्पन्न गर्नेलाई सजाय** : कसैले रेल्वेका कर्मचारीलाई आफ्नो पदीय कर्तव्य पालना गर्न रोक्ने वा बाधा अवरोध सिर्जना गर्ने कार्य गरेमा छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

७३. **अनुमतिपत्र नलिई रेल चलाउनेलाई सजाय** : कसैले रेल चालक वा सहचालकको अनुमतिपत्र नलिई रेल चलाएमा छ महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

७४. **अन्य व्यक्तिलाई अनुमतिपत्र दिएमा सजाय** : कसैले रेल चलाउनको लागि अन्य व्यक्तिलाई रेल चालक वा सह चालकको अनुमतिपत्र दिएमा छ महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

७५. **अनधिकृत रुपमा टिकट बिक्री गर्ने वा अधिकारपत्र वितरण गर्नेलाई सजाय** : कसैले अनधिकृत रुपमा टिकट बिक्री वा अधिकारपत्र वितरण गरेमा एक लाख रुपैंयाँसम्म जरिवाना हुनेछ।

७६. **अधिकारपत्र वा टिकट सच्याउनेलाई सजाय** :कसैले रेलमा यात्रा गर्ने, गराउने प्रयोजनको लागि अधिकारपत्र वा टिकटको अंक, अक्षर, मिति वा व्यहोरा सच्याएमा पचास हजार रुपैंयाँसम्म जरिवाना हुनेछ।

७७. **झुठो दावी गर्ने वा झुठो विवरण दिनेलाई सजाय** : कसैले यात्रीगुण्टा वा मालसामान हराएको, नासिएको, नोक्सानी भएको वा फिर्ता नभएको भनी बोर्ड समक्ष झुठो दावी गरेमा वा सोको लागि झुठो विवरण दिएमा एक लाख रुपैंयाँसम्म जरिवाना हुनेछ।

७८. **निषेधित स्थानमा बसी यात्रा गर्नेलाई सजाय** : कसैले बोर्डबरा निषेधित स्थानमा बसी यात्रा गरेमा पच्चीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ।

७९. **यात्रीलाई झन्झट दिनेलाई सजाय** : कसैले रेलभित्र पसी यात्रीलाई अनावश्यक झन्झट दिएमा पच्चीस हजार रुपैंयाँसम्म जरिवाना हुनेछ।

८०. **सार्वजनिक सूचना च्यात्ने, उप्काउनेलाई सजाय** : बोर्डको कर्मचारी वा अधिकार प्राप्त व्यक्ति बाहेक कसैले रेल्वेको सञ्चालनको लागि जारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएका सार्वजनिक सूचना उप्काएमा, च्यातेमा वा व्यहोरा केरमेट गरेमा वा सच्याएमा पचास हजार रुपैँयाँसम्म जरिवाना हुनेछ ।

८१. **रेलमा फोहोर फ्याक्नेलाई सजाय :** कसैले रेल्वे वा रेलमा धुलो, फोहोर मैला वा यात्रीमाथि कुनै वस्तु फालेमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

८२. **रेल्वे कर्मचारीलाई सजाय :** (१) रेल्वेको कर्मचारीले देहायको कुनै कार्य गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) गुडिरहेको रेल विनाकरण रोकेमा वा रेल चलाउन अटेर गरेमा वा रेल चलाउन नदिन अवरोध सिर्जना गरेमा दुई वर्ष सम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) लापरबाही वा हेलचक्र्याई गरी यात्री वा रेल्वेको कुनै सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय,

(ग) रेल्वेको तर्फबाट दिनु पर्ने कुनै कागजात वा विवरण झुठा बनाई दिएमा तीन महिनासम्म कैद वा दुई हजार पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(घ) कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा तीन महिनासम्म कैद वा दुई हजार पाँच सय रुपैयाँसम्म जरिवाना वा दुवै सजाय ।

(२) रेल्वेको कर्मचारीले उपदफा (१) मा उल्लिखित कसूर बाहेक यस परिच्छेद बमोजिमको कसूर मानिने कुनै कार्य गरेमा त्यस्तो कर्मचारीलाई यस परिच्छेद बमोजिम हुने सजायमा बीस प्रतिशत थप सजाय हुनेछ ।

८३. **अन्य सजाय :** यो अध्यादेशमा अन्यत्र लेखिए देखि बाहेक यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम विपरीत कुनै कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

८४. **रेल्वेको सम्पत्ति हानि वा नोक्सानी पुऱ्याउनेलाई थप सजाय :** कसैले रेल्वेको सम्पत्ति चोरी गरेमा, विगारेमा वा अन्य कुनै प्रकारले हानि वा नोक्सानी पुऱ्याएमा प्रचलित कानून बमोजिम हुने सजायमा पाँच वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म थप कैद वा जरिवाना हुनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८५. **उद्योग गर्ने वा मतियारलाई सजाय** : यस परिच्छेद बमोजिमको कसूर को उद्योग गर्ने वा सो कसूरको मतियारलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

८६. **विगो भराई दिनु पर्ने** : यस परिच्छेद बमोजिमको कुनै कसूर गर्दा त्यस्तो कसूरबाट रेल्वे, यात्रु वा अन्य कुनै व्यक्तिको सम्पत्तिमा हानि नोक्सानी भएकोमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो हानि नोक्सानीको विगो सम्बन्धित कसूरदारबाट भराई दिनु पर्नेछ ।

८७. **तत्काल पक्राउ गर्न वा नियन्त्रणमा लिन सक्ने** : (१) यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिलाई अधिकार प्राप्त अधिकारी वा रेल्वको कर्मचारीले तत्काल पक्राउ गर्न वा नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने अधिकार प्राप्त अधिकारी वा रेल्वे कर्मचारीले सम्बन्धित अधिकारी वा कार्यालयमा पठाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्ति पक्राउ भई आएमा सम्बन्धित अधिकारी वा कार्यालयले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही शुरु गर्नु पर्नेछ ।

८८. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ६६, ६७, ६८ र ६९ अन्तर्गतका मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(२) दफा ७०, ७१, ७२, ७३, ७४ र ८२ अन्तर्गतका मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) दफा ७५, ७६, ७७, ७८, ७९, ८० र ८१ अन्तर्गतका मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार रेल्वे प्रशासकलाई हुनेछ ।

८९. **पुनरावेदन** : यस परिच्छेद बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

९०. **नेपाल सरकारवादी हुने** : दफा ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७४ र ८२ अन्तर्गतका मुद्दा नेपाल सरकारवादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा परेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ । ३५

## परिच्छेद-१५
## विविध

९१. **संयुक्त लगानीमा रेल्वे सेवा सञ्चालन गर्न सक्ने** : बोर्डले नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी वा विदेशी लगानीकर्ताहरुसूगको संयुक्त लगानीमा रेल्वे निर्माण वा विस्तार गर्न वा रेल्वे सेवा सञ्चालन गर्न सक्नेछ ।

९२. **रेल्वेको निर्माण, मर्मत, सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिन सक्ने** : (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले नेपाल सरकारको पूर्व स्वीकृति लिई रेल्वेको निर्माण, मर्मत, संचालन वा व्यवस्थापन सम्बन्धी कुनै वा सबै काम निजी क्षेत्रको कुनै संस्थाद्वारा गराउन आवश्यक देखेमा त्यस्तो संस्थासँग करार गरी सो काम त्यस्तो संस्थालाई जिम्मा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करारमा काम गर्न दिँदा सो कामसँग सम्बन्धित बोर्डको हक भोग वा जिम्मामा रहेको कुनै संरचना, उपकरण तथा सम्पत्ति त्यस्तो संस्थाले प्रयोग गर्न पाउने गरी दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम करार गर्दा बोर्डको हक जिम्मा वा भोगमा रहेको संरचना, उपकरण तथा सम्पत्तिको प्रयोग सम्बन्धी व्यवस्था, करार कायम रहने अवधि, करार गर्ने पक्षले करार वापत पाउने प्रतिफल र तत्सम्बन्धी अन्य कुराहरु करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम करार गर्ने संस्थाले करारको अवधि समाप्त भएपछि आफूले प्रयोग गरेको बोर्डको हक भोग वा जिम्मामा रहेको कुनै संरचना, उपकरण तथा सम्पत्ति करारमा तोकिएको शर्त बमोजिम बोर्डलाई फिर्ता गर्नु पर्नेछ ।

(५) रेल्वेको निर्माण, मर्मत, संचालन र व्यवस्थापन सम्बन्धी अन्य कुरा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

९३. **क्षमता भन्दा बढी राख्न नहुने** : बोर्डले रेलको क्षमता भन्दा बढी यात्री तथा मालसामान राखी रेल चलाउन हूदैन ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९४. **सिट सुरक्षित राख्नु पर्ने** : (१) बोर्डले वृद्ध, अपाङ्ग, बालबालिका, महिला तथा अशक्त व्यक्तिको लागि तोकिए बमोजिमको सिट सुरक्षित राख्नु पर्नेछ ।

९५. **स्वचालित प्रविधिद्वारा रेल्वे सञ्चालन गर्न सक्ने** : बोर्डले रेल चालक तथा सहचालक बिना कम्प्युटरकृत वा स्वचालित प्रविधिको माध्यबाट तोकिए बमोजिम रेल्वे सेवा सञ्चालन गर्न वा गराउन सक्नेछ ।

९६. **रेल्वेको सञ्चालन वातावरण मैत्री हुनु पर्ने** : बोर्डले वातावरण मैत्री तवरले तोकिएको मापदण्ड पूरा गरी रेल्वे सञ्चालन गर्नु पर्नेछ ।

९७. **सहयोग उपलब्ध गराउनु पर्ने** : यस अध्यादेशको कार्यान्वयन गर्न तथा रेल्वे सेवा सुचारुरुपले सञ्चालन गर्नको लागि बोर्डले सुरक्षा प्रबन्ध लगायतका अन्य विषयमा सहयोग माग गरेमा नेपाल सरकार वा सम्बद्ध निकायले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ ।

९८. **जग्गा प्राप्त गराइदिने** : रेल्वेको लागि आवश्यक पर्ने जग्गा कसैको निजी भोगचलनमा रहेको भए त्यस बापतको क्षतिपूर्ति बोर्डले व्यहोर्ने गरी नेपाल सरकारले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा बोर्डलाई उपलब्ध गराइदिन सक्नेछ ।

९९. **बिमा गराउनु पर्ने** : बोर्डले रेल्वे, चालक, सहचालक, यात्री, यात्रीगुण्टा, मालसामान, रेल्वेका कर्मचारी लगायत तेस्रो पक्षको तोकिए बमोजिम बिमा गराउनु पर्नेछ ।

१००. **अधिकार प्रत्यायोजन** : (१) मन्त्रालयले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यकारी समितिले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार रेल्वे प्रशासक वा दफा १४ बमोजिमको उपसमिति वा बोर्डको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(४) रेल्वे प्रशासकले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार बोर्डका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०१. <u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने</u> : बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरु खुलाई मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ :–

(क) आफूले वर्षभरि सम्पादन गरेको कामको विवरण र सोको लागि भएको खर्च,

(ख) बोर्डको आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

(ग) बोर्डको आम्दानी र खर्चको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

१०२. <u>बोर्ड विघटन गर्न सक्ने</u> : (१) यस अध्यादेश बमोजिम बोर्डले गर्नु पर्ने काम नगरेमा वा कुनै कारणले बोर्ड कायम राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले तोकिएको प्रकृया अपनाई बोर्ड विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक, दायित्व तथा सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

१०३. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस अध्यादेशमा लेखिए जति कुरामा यसै अध्यादेश बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०४. <u>नेपाल सरकारसँग सम्पर्क</u> : बोर्डले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१०५. <u>निर्देशिका बनाई लागू गर्न सक्ने</u> : बोर्डले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

१०६. <u>नियम बनाउने अधिकार</u> : नेपाल सरकारले यस अध्यादेशको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

१०७. <u>विनियम बनाउने अधिकार</u> : बोर्डले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ ।

तर त्यस्तो विनियम मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।



३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०८. **खारेजी र बचाउ** : (१) रेल्वे ऐन, २०२० खारेज गरिएको छ ।

(२) रेल्वे ऐन, २०२० बमोजिम भए गरेका काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७०/१/८/१

**आज्ञाले,**
**भेषराज शर्मा**
**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु.द.नं. १६।०६२।६३

३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।